# नगर सभाको १८ औं अधिवेशनका प्रस्तावहरु

**प्रस्ताव नं. १ :** नगर कार्यपालिका वैठकमा छलफल भई सिफारिस भएका देहाय बमोजिमका नीति तथा कार्यक्रम र विधेयक स्वीकृत गर्नका लागि प्रस्ताव पेश गर्दछु ।

तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८२

२. मेलम्ची नगरपालिकाको विनियोजन विधेयक, २०८२

३. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**प्रस्ताव नं. २ :** नगर सभाको १७ औं अधिवेशन पश्चात कार्यपालिका बैठकबाट गरिएका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु।

**प्रस्ताव नं. ३ :** मिति २०८१ साल श्रावण १ गते देखि मिति २०८२ को हालसम्म विभिन्न मितिमा नगर कार्यपालिका, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट गरिएका खर्च भुक्तानीलाई अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

**प्रस्ताव नं. ४ :** मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न गैरसरकारी संस्थाबाट पेश भएको बजेट तथा कार्यक्रम स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

**प्रस्ताव नं. ५ :** विभिन्न समितिहरुबाट नगर सभामा पेश भएको प्रतिवेदन स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु।

**प्रस्ताव नं. ६ :** अख्तियारी प्रदान गर्ने प्रस्ताव पेश गर्दछु ।

**प्रस्ताव नं. ७ :** मध्यमकालिन खर्च संरचना २०८२/०८३ देखि २०८४/०८५ सम्म स्वीकृतको लागि प्रस्ताव पेश गर्दछु।

**प्रस्ताव नं. ८ :** करार सेवाका कर्मचारीहरुको म्याद थप तथा करार सेवामा नयाँ कर्मचारी पदपूर्ति गर्नको कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पेश गर्दछु।

**प्रस्ताव नं. ९:** बागमती प्रदेश सरकार र संघीय सरकारमा पेश गर्ने योजनाका सम्बन्धमा प्रस्ताव पेश गर्दछु।

**प्रस्ताव नं. १० :** नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आइतमान तामाङ
नगर प्रमुख

Scanned with CamScanner

प्रस्ताव नं. ११ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा कार्यपालिकाको निर्णयबाट गरिएको म्याद थप, प्राविधिक लागत अनुमान बमोजिम नपुग रकम विविध सार्वजनिक निर्माण शिर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा विनियोजन गरिएको थप रकम र विभिन्न योजनाहरुमा गरिएको म्याद थप तथा थपघट भेरियसन आदेशको अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १२: मेलम्ची नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा रहेका जिन्सी मालसामानहरुको अवस्थाको बारेमा छलफल गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १३ : मेलम्ची नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १४ : दीगो विकास योगदान बापतको रकम विभिन्न कोषहरुमा जम्मा गर्ने सम्बन्धी प्रस्ताव पेश पेश गर्दछु ।

प्रस्ताव नं. १५ : महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा लेखा समितिमा छलफल भई उक्त समितिबाट सिफारिस भई आएका अनुसूचीमा उल्लिखित बेरुजुहरु नियमित एवं फर्छ्यौट गर्नको लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १६ : मेलम्ची नगरपालिका वडा नं. ६ का वडा सदस्य एवं नगर सभा सदस्य श्री बिन्द्र बहादुर तामाङको दु:खद निधन प्रति शोक प्रस्ताव पारित गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १७ : मेलम्ची नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १८ : मेलम्ची नगरपालिकामा रहेका विभिन्न कार्य संचालन कोषबाट आ.व. २०८१/०८२ मा भएका सम्पूर्ण खर्चहरु एवं असार मसान्तसम्म हुने अनुसूचीमा उल्लिखित सम्पूर्ण खर्च रकम अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. १९ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा विनियोजित विभिन्न योजना तथा कार्यक्रमहरुमा रकमान्तर तथा श्रोतान्तर गरिएको रकमलाई अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. २० : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा विनियोजित रु.२० लाख भन्दा कम रकममा सम्झौता गरी कार्यान्वयन गरिएका सबै प्रकारको योजनाहरुको सम्झौता र खर्च भुक्तानी अनुमोदन गर्ने प्रस्ताव पेश गर्दछु ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आइतमान तामाङ
नगर प्रमुख

Scanned with CamScanner

प्रस्ताव नं. २१ : मेलम्ची नगरपालिका वडा नं. १, २, ३ र ४ लाई चिया बगान पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने प्रस्ताव पेश गर्दछु ।

प्रस्ताव नं. २२ : विविध ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आइतमान तामाङ
नगर प्रमुख

Scanned with CamScanner

## नगर सभाको १८ औं अधिवेशनका निर्णयहरु (२०८२ असार १० गते)

निर्णय नं. १ : नगर कार्यपालिकाबाट सिफारिस भई नगर सभाको १८ औं अधिवेशनमा पेश भएका देहाय बमोजिम अनुसूची- १ मा उल्लिखित विधेयक, बजेट, नीति तथा कार्यक्रम सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिकाको आर्थिक विधेयक, २०८२

२. मेलम्ची नगरपालिकाको विनियोजन विधेयक, २०८२

३. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको नगर सभाको १७ औं अधिवेशन पश्चात नगर सभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाको मिति २०८१ श्रावण १ गते देखि हालसम्म भएका र यस आ.व. को अन्त्यसम्म हुने तथा भएका बैठकहरु तथा नगरपालिकाको उल्लेखित अवधिमा भएका निर्णयहरुबाट विभिन्न शीर्षकहरुमा गरिएको बजेट विनियोजन, रकमान्तर, योजना संशोधन लगायतका विषयहरु तथा नगरपालिकाका विभिन्न कार्यसंचालन कोषहरुमा भएका र चालु आ व को अन्त्यसम्म हुने आम्दानी तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मिति २०८१ साल श्रावण १ गते देखि मिति २०८२ को हालसम्म र चालु आ. व. को अन्त्यसम्म नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट भएका सम्पूर्ण खर्चहरु, नगरपालिकामा स्थापना गरिएका विभिन्न कोषहरुबाट भएका सम्पूर्ण खर्चहरु तथा कार्य प्रकृति र छिटो माध्यमबाट कार्य गर्नुपर्ने अवस्थामा विभिन्न खरिद विधिबाट हालसम्म भएका र यस आ.व. को अन्त्यसम्म हुने चालु तथा पूँजीगत तर्फका सम्पूर्ण आम्दानी तथा खर्च अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका भित्र संचालित अनुसूची- २ मा उल्लिखित विभिन्न गैरसरकारी संस्थाहरुबाट पेश भएको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाको नगर सभाको १८ औं अधिवेशनमा नगरपालिका अन्तर्गत रहेका विभिन्न समितिहरुबाट पेश भएको अनुसूची -३ मा उल्लिखित प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : आ.व. २०८२/८३ को लागि नगर कार्यपालिकाको बैठक नबसेको अवस्थामा आकस्मिक रुपमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु संचालन गर्नको लागि त्यसपछि बस्ने कार्यपालिका वैठकबाट अनुमोदन गर्ने

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आईतमान तामाङ
नगर प्रमुख

Scanned with CamScanner

गरी नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी काम कारवाही अगाडि बढाउनको लागि अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको मध्यमकालिन खर्च संरचना २०८२/०८३– ०८४/०८५ स्वीकृतिको लागि कार्यपालिका बैठकबाट सिफारिस भई आएको हुँदा उक्त मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : आ.व. २०८२/०८३ मा नगरपालिकाको स्वीकृत दरवन्दीमा रिक्त हुने पदमा नियमानुसार करार सेवाबाट पदपुर्ति गर्न मिल्ने पदहरुमा कार्यबोझ र कार्य प्रकृतिको आधारमा सो सम्बन्धी कार्यविधि बमोजिम करार सेवाका कर्मचारीहरुको व्यवस्थापन गर्न नगरपालिका कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका र अन्तर्गतका वडाहरुबाट सिफारिस भई आएका अनुसूची- ४ मा उल्लिखित योजनाहरु निर्माण गर्नको लागि बजेट व्यवस्था गर्न संघीय सरकार, बागमती प्रदेश सरकार तथा मातहतका निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १० : नगरपालिका भित्रका विपद्जन्य घटनाहरु बाढी पहिरो नियन्त्रण सम्बन्धी कार्य, राहत व्यवस्थापन लगायतका तत्कालिन विपद्का कार्यमा नगर प्रमुखस्तर, जलवायु उत्थानशिल तथा विपद् व्यवस्थापन समिति र कार्यपालिकाबाट निर्णय भई गरिएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका भित्र संचालित विभिन्न योजनाहरु निर्माणको क्रममा समय सीमा भित्र निर्माण कार्य गर्न नसकी, कार्यपालिकाको मिति २०८१ साल श्रावण १ देखि हालसम्म र चालु आ.व.को अन्त्यसम्म हुने निर्णयबाट गरिएको म्याद थप, प्राविधिक लागत अनुमान बमोजिम नपुग रकम, विविध सार्वजनिक निर्माण शीर्षक, मर्मत संभार कोष र आन्तरिक श्रोतबाट व्यवस्थापन गरी ठेक्का आव्हान गरिएकोमा, विनियोजित थप रकम र विभिन्न योजनाहरुमा गरिएको म्याद थप तथा थप घट भेरियसन आदेशको अनुमोदन गरी आधिकारिता प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा रहेका अनुसूची-५ बमोजिमका जिन्सी मालसामानहरुको यथार्थ अवस्थाको बारेमा छलफल गरी नगर सभामा जानकारी गराइयो।

निर्णय नं. १३ : नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोषको च.नं. ७८७ मिति २०८२/०२/१६ को पत्रबाट सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनका लागि नेपाल सरकारले मिति

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आईतमान तामाङ
नगर प्रमुख

Scanned with CamScanner

२०८२/०१/०१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश संचित कोष र स्थानीय संचित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृत्तभरण पाउने बाहेक) व्यक्तिलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाइपाई आएको तलबको १० प्रतिशत र मेलम्ची नगरपालिकाबाट १० प्रतिशत जम्मा गर्ने व्यवस्था सहित नगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउनको लागि लेखि आएको र उक्त सम्बन्धमा आवश्यक निर्णयका लागि मिति २०८२/०२/२९ गतेको कार्यपालिकाबाट सिफारिस भई आएको हुँदा मेलम्ची नगरपालिकामा करार सेवामा कर्यरत कर्मचारीहरुलाई आ.व. २०८२/०८३ देखि लागु हुने गरी सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने निर्णय गरियो। साथै, नेपालको संघीय संरचना पश्चात साविक जिल्ला विकास समितिको कार्यालय, गाउँ विकास समितिको कार्यालय र मेलम्ची नगरपालिकामा विगत लामो समय देखि अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरु समायोजन भई आएका र हालसम्म पनि निज कर्मचारीहरु अविछिन्न रुपमा कार्यरत रहेको सन्दर्भमा निजहरुलाई नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधालाई सम्बोधन गर्न कार्यविधि बनाई कार्यान्वयन गर्ने अख्तियारी कार्यपालिकालाई दिने निर्णय गरियो।

निर्णय नं. १४ : दीगो विकास लक्ष्य कार्यान्वयनका सम्बन्धमा आवश्यक वित्त व्यवस्थापनका लागि नगरपालिकाबाट संचालन हुने सशर्त, समपुरक र विशेष अनुदान बाहेक अन्य श्रोतबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुमा दीगो विकास लक्ष्यले निर्धारण गरेको सामाजिक क्षेत्रमा लगानी गर्ने गरी १ (एक) प्रतिशत रकम कट्टा गरी नगरपालिकामा मौजुदा रहेको विपद् व्यवस्थापन कोष, वातावरण सम्बन्धी कोष र महिला तथा बालबालिका सम्बन्धी कोषमा रकम जम्मा गर्ने र उक्त बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधि बनाई स्वीकृत गराउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

निर्णय नं १५ : महा लेखापरीक्षकको कार्यालयबाट आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा स्थानीय लेखा समितिमा छलफल भई उक्त समितिबाट सिफारिस भई आएका अनुसूची - ६ मा उल्लिखित बेरुजुहरु नियमित एवं फर्छौट गर्नको लागि महा लेखापरीक्षकको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं १६ : मेलम्ची नगरपालिका वडा नं. ६ का वडा सदस्य एवं नगर सभा सदस्य श्री बिन्द्र बहादुर तामाङको क्यान्सर रोगको कारण मिति २०८१ चैत्र १२ गते भएको असामहिक निधनमा दु:ख व्यक्त गर्दै स्व. बिन्द्र बहादुर तामाङ प्रति शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

निर्णय नं १७ : विगतका आ.व. देखि निरन्तर रुपमा प्रदान गरिदै आएको नगर कार्यपालिकाको कार्यालय र अन्तर्गत विषयगत शाखामा कार्यरत प्राविधिक एवं प्रशासनिक कर्मचारीहरुमध्ये प्राविधिक

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

ओइतमान तामाङ
नगर प्रमुख

Scanned with CamScanner

(ईन्जिनियरिङ्ग र अमिन) तर्फ र कार्यालयका सवारी चालकहरुलाई शुरु तलब स्केलको २५ प्रतिशत र अन्य प्रशासनिक कर्मचारीहरुलाई शुरु तलब स्केलको १५ प्रतिशतले दरले हुन आउने प्रोत्साहन रकम सम्बन्धित कर्मचारीलाई उपलब्ध गराईएकोमा उक्त खर्च अनुमोदन गर्ने र आगामी आ.व. देखि सोही बमोजिम हुने गरी प्रोत्साहन रकम प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १८ : मेलम्ची नगरपालिकामा रहेका विभिन्न कार्य संचालन कोषबाट आ.व. २०८१/०८२ मा भएका र सोही आ.व. को असार मसान्तसम्म हुने अनुसूची - ७ मा उल्लिखित सम्पूर्ण खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १९ : अनुसूची-८ बमोजिमको श्रोतान्तर गरिएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै, आगामी आ.व. मा श्रोन्तान्तर गर्नुपर्ने भएमा सो कार्यको लागि मेलम्ची नगरपालिका कार्यालयलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

निर्णय नं २० : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा रु.२० लाख बजेट विनियोजन गरिएता पनि उक्त विनियोजित रकम भन्दा कम रकममा विभिन्न उपभोक्ता समितहरुसंग सम्झौता गरी योजना कार्यान्वयन गरिएकोमा, यसरी विनियोजित बजेट भन्दा कम रकममा सम्झौता गरी कार्यान्वयन गरिएका सबै प्रकारको योजनाहरुको सम्झौता र खर्च भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं २१ : मेलम्ची नगरपालिका वडा नं. १, २, ३ र ४ लाई चिया बगान पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने र उक्त स्थान शिवपुरी राष्ट्रिय निकुञ्जको बफर जोनमा पर्ने भएकोले संघीय तथा प्रदेश कानूनमा रहेको व्यवस्थासँग नबाझिने गरी पर्यटन प्रवर्द्धनका लागि आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २२ : विविध : संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपुरक र विशेष अनुदान तर्फका योजनाहरुमा आवश्यकताको आधारमा श्रोत व्यवस्थान गरी विनियोजित रकममा २० (बीस) प्रतिशतसम्म थप गरी बोलपत्र आव्हान गर्न यस नगरसभाबाट नगरप्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै, सशर्त, समपुरक, विशेष अनुदान बाहेकका योजना तथा कार्यक्रमहरु बहुवर्षिय बोलपत्र आव्हान गर्नु परेमा उक्त योजना तथा कार्यक्रममा आवश्यकता अनुसार श्रोत व्यवस्थापन गरी बहुवर्षिय योजना संचालन गर्ने र उक्त निर्णय तत् पश्चातको कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी श्रोत व्यवस्थापन गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

आईतमान तामाङ
नगर प्रमुख